Regd No: 77/1263/057/058 PAN No. 302275560

iPPAN
नेपालको समृद्धिका लागि ऊर्जा

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

*President*
Mohan K. Dangi

*Senior Vice President*
Uttam Bhlon

*Vice President*
Bikram Bista
Him P. Pathak
Narendra B. Panth
Susan Karmacharya
Uttar K. Shrestha

*General Secretary*
T.N. Acharya

*Deputy General Secretary*
Kabita Pokharel

*Secretary*
Abhigya Malla
Bijay M. Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Suman Kumari Joshi

*Treasurer*
Shankar Bashyal

*Member*
Anup Acharya
Barnan Lamichhane
Jagadish Shiwakoti
Jagat Bahadur Pokharel
Jyoti Gaire
Kadam KC
Milan khadka
Narayan Kadel
Pratima Gyawali
Sangita Dhamala

*Associate Member*
Ram Prasad Acharya

*IPP & Chief Advisor*
Ganesh Karki

च.नं. १६ (२०८३।०८४)

मिति : २०८३/०४/२५

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल विद्युत प्राधिकरण
दरबारमार्ग, काठमाडौं ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल २०५७ iPPAN 2001 INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

विषय: स्वतन्त्र ऊर्जा उत्पादकका समसामयिक मागहरू सम्बोधन गरिदिने सम्बन्धमा ।

महोदय,

नेपालको ऊर्जा क्षेत्रको विकासमा निजी क्षेत्रले विगत तीन दशकदेखि निरन्तर महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । विद्युत उत्पादन निजी क्षेत्रबाट निर्माण तथा अध्ययन चरणका आयोजनाहरूले आगामी दशकमा नेपालको ऊर्जा सुरक्षा, विद्युत निर्यात तथा आर्थिक समृद्धिमा अझ ठूलो योगदान दिने अपेक्षा गरिएको छ ।

यस अवस्थामा नेपाल विद्युत प्राधिकरणसँग प्रत्यक्ष सम्बन्धित केही नीतिगत तथा कार्यान्वयनगत विषयहरूका कारण ऊर्जा क्षेत्रमा लगानीको वातावरण प्रभावित भएको, आयोजना कार्यान्वयनमा अनिश्चितता बढेको तथा उत्पादित विद्युतको अधिकतम उपयोग हुन नसकेको अवस्था विद्यमान छ । त्यसैले देहायका विषयहरूमा आवश्यक निर्णय तथा पहल गरिदिनु हुन स्वतन्त्र ऊर्जा उत्पादकहरूको तर्फबाट हार्दिक अनुरोध गर्दछौं ।

मागहरू

१. नेपाल विद्युत प्राधिकरणमा आवेदन दिई लामो समयदेखि रोकिएका जलविद्युत आयोजनाहरूको विद्युत खरिद सम्झौता (PPA) तत्काल खुलाइदिनु हुन ।

२. विद्युत आयोजनाहरुको व्यावसायिक सञ्चालन मिति (COD) को म्याद आयोजनाको आवश्यकता र अवस्था हेरी बढीमा पाँच बर्ष थप गर्ने व्यवस्था गरिदिनुहुन ।

३. नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन निर्माणमा भएको ढिलाइका कारण आयोजना प्रवर्द्धकलाई हुने आर्थिक क्षतिको उचित क्षतिपूर्तिको व्यवस्था गरिदिनु हुन ।

४. प्रसारण लाइन उपलब्ध नभएसम्म Contingency तथा Take and Pay PPA गर्ने विद्यमान अभ्यासको अन्त्य गरी आयोजना सम्पन्न भएपछि विद्युत खरिद सुनिश्चित हुने व्यवस्था गरिदिनु हुन ।

५. प्रसारण लाइन निर्माणलाई उच्च प्राथमिकतामा राखी Grid Access लाई विकासमैत्री बनाउँदै निजी क्षेत्रलाई समेत प्रसारण लाइन निर्माणमा सहभागी गराइदिनु हुन ।

६. Whiling Charge सम्बन्धी व्यवस्था वैज्ञानिक, पारदर्शी तथा न्यायोचित आधारमा निर्धारण गरिदिनु हुन ।

७. जलविद्युत आयोजनाको विद्युत खरिद विक्री सम्झौताको लागि विद्युत शक्ति तथा



CamScanner

Regd No: 77/1263/057/058 PAN No. 302275560

# स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
# Independent Power Producers' Association, Nepal

President
Mohan K. Dangi
Senior Vice President
Uttam Bhlon
Vice President
Bikram Bista
Him P. Pathak
Narendra B. Panth
Susan Karmacharya
Uttar K. Shrestha
General Secretary
T.N. Acharya
Deputy General Secretary
Kabita Pokharel
Secretary
Abhigya Malla
Bijay M. Bhattarai
Isha Shrestha
Kuber Mani Nepal
Suman Kumari Joshi
Treasurer
Shankar Bashyal
Member
Anup Acharya
Barnan Lamichhane
Jagadish Shiwakoti
Jagat Bahadur Pokharel
Jyoti Gaire
Kadam KC
Milan khadka
Narayan Kadel
Pratima Gyawali
Sangita Dhamala
Associate Member
Ram Prasad Acharya
IPP & Chief Advisor
Ganesh Karki

ऊर्जा तालिका निर्धारण विधि, २०८३ एकलौटी रुपमा आएकोले खारेज गरिदिनुहुन ।

८. लागत वृद्धि, मुद्रास्फीति तथा वित्तीय अवस्थालाई आधार मानी विद्युत खरिद दर (PPA Rate) पुनरावलोकन गरिदिनु हुन ।

९.कुनै आयोजनाको उत्पादन अनुमतिपत्रभन्दा कम समयका लागि पीपीए भएका आयोजनाको हकमा बाँकी समयका लागि पीपीए नवीकरण गर्ने व्यवस्था गरिदिनुहुन ।

१०. अन्तर्राष्ट्रिय अभ्यास अनुसार बैंक लगानी योग्य (Bankable) विद्युत खरिद सम्झौता (PPA) को मस्यौदा तयार गरी कार्यान्वयनमा ल्याइदिनु हुन ।

११. निजी क्षेत्रका आयोजनाहरूको Grid Connection प्रक्रिया सरल, छिटो र पारदर्शी बनाइदिनु हुन ।

१२. नेपाल विद्युत प्राधिकरण र निजी ऊर्जा उत्पादकबीच नियमित संवाद, समस्या समाधान तथा नीतिगत समन्वयका लागि स्थायी संयुक्त संयन्त्र गठन गरिदिनु हुन ।

१३. आयोजनाले Connection agreement गर्दा त्यो Connection गर्ने Delivery point मा लाग्ने ट्रान्सफर्मरको cost, त्यो delivery point मा जोडिने सम्पूर्ण आयोजनासँग प्रति MVA को आधारमा लिंदा आयोजनालाई आर्थिक भार परेकोले २०६८ सालमा PPA को दर निर्धारण गर्दा Transmission line, Transmission loss, Infrastructure लगायतका सम्पूर्ण खर्च NEA/Off taker ले बेहोर्छ भन्ने उद्देश्यले ४.८० र ८.४० तोकेकोले यसरी सब्स्टे cost बढ्दा आयोजनालाई revenue नबढ्ने गरी additional cost बढेकोले सो हटाईदिनुहुन ।

धन्यवाद ।

मोहन कुमार डाँगी
अध्यक्ष

२०८३/०४/२४
द. नं. ३६२

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu, Nepal, Tel:977-1-4169175, Mobile No. +977 9851358275
Email: info@ippan.org.np, ippan2001@gmail.com, web : ippan.org.np

CamScanner